नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

**<u>अध्यापन अनुमति पत्रको परीक्षाको प्रवेश पत्र Print गर्ने सम्बन्धी जरुरी सूचना</u>**

यस आयोगबाट मिति २०७६/०३/०२ गते प्रकाशित अध्यापन अनुमति पत्रको विज्ञापन बमोजिम दरखास्त फाराम भर्ने उम्मेदवारहरुको प्रवेश पत्र Print गर्नका लागि मिति २०७६-०५-२१ गतेदेखि २०७६-०६-०१ गतेसम्म प्रदेशगत आधारमा समय निर्धारण गरिएकोमा अझैपनि कतिपय उम्मेदवारहरुबाट दरखास्त फाराम संशोधनका लागि निवेदन आइरहेकोले विवरण संशोधन गर्ने म्याद देहाय अनुसार थप गरी सम्बन्धित परीक्षार्थीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **<u>प्रवेश पत्रको Preview गर्ने सम्बन्धमा</u> :** उम्मेदवारहरुको प्रवेश पत्र (हाल Print नहुने) मा विज्ञापन नम्बर, तह, विषय (रोल नम्बर बाहेक) समेत Preview को लागि राखिएको छ । साबिकमा झैं आयोगको वेबसाइट www.tsc.gov.np खोली Online Application मा गई '**प्रवेशपत्र'** लेखिएको बटनमा Click गरेर आफ्नो भौचरमा रहेको एप्लिकेशन आइ.डी. भौचरमा भएको Application Id No र Password मा मोबाइल नं. Entry गरी Preview गर्न सकिनेछ ।

२. **<u>विवरण संशोधन गर्ने सम्बन्धमा :</u> प्रवेशपत्र Preview गर्दा आफ्नो फरक परेको पाइएमा केही विवरण (जस्तै देवनागरीमा नाम, ठेगाना, नागरिकता नं., तीनपुस्ते विवरण, फोटो र दस्तखत राख्ने, शैक्षिक योग्यता र तालिम)** मिति २०७६-०५-२५ गतेसम्म **आफै सच्याउन सकिनेछ । यसका लागि** उम्मेदवारहरुले आफ्नो User ID र Password बाट Log in गर्नुपर्नेछ । तर **देहायका विवरण सच्याउन सो मितिभित्र आयोगमा लेखी पठाउनु पर्नेछ ।**

| **क्र.सं.** | **सच्याउने विषय** | **संलग्न गर्नुपर्ने कागजात** |
|---|---|---|
| १ | विज्ञापन नं, तह र विषय | बैंक भौचर र शैक्षिक योग्यताको प्रमाणपत्र |
| २ | अंग्रेजीमा नाम र जन्ममिति | बैंक भौचर र नागरिकताको प्रमाणपत्र |

३. **<u>प्रवेश पत्र Print गर्ने सम्बन्धमा :</u> मिति २०७६-०५-२७ गतेदेखि २०७६-०५-३१** गतेसम्म रोल नम्बर सहितको प्रवेश पत्र आफै Print गर्न सकिनेछ । प्रवेश पत्रमा विवरण ठिक नभएर Print गर्न नसकेका उम्मेदवारहरुको हकमा माथि उल्लेखित विवरण सहित आयोगको इमेलमा लेखी पठाउनुपर्नेछ । त्यस्ता उम्मेदवारहरुको लागि असोज १ गतेपछि प्रवेश पत्र Print गर्न सकिनेछ ।